# बागमती प्रदेश सरकार

# बालश्रम निवारण कार्ययोजना

## (२०८२ देखि २०८७)

## (प्रस्तावित मस्यौदा)

श्रम, रोजगार तथा यातायात मन्त्रालय

बागमती प्रदेश सरकार

भुमिका

# खण्ड क : परिचय

## १.पृष्ठभुमी

नेपालको संविधानले नेपालमा संघिय शासन प्रणालीको स्थापना गरेको छ । संविधानले तीन तहको शासन प्रणालीको ब्यबस्था गरेसँगै प्रदेश सरकारहरु स्थापना भइ प्रदेशको भुगोलभित्र आर्थिक, सामाजिक विकास र समृद्दीका विभिन्न रणनीतिक योजना तथा कार्ययोजनाहरु निर्माण गरी कार्यान्वयन गरिरहेका छन् । बागमती प्रदेश सरकारले दोश्रो आवधिक योजना २०८०/८१-२०८५/८६ तर्जुमा गरी योजनाबद्द विकासको कार्यलाई निरन्तरता दिएको छ

नेपालको संविधानले श्रम तथा रोजगार ब्यबस्थापनलाई अनुसुची ७ अन्तरगत प्रदेश र संघको साझा अधिकारको सुचिभित्र उल्लेख गरेको छ । संविधानले उल्लेख गरेको अधिकारक्षेत्रबाट निर्देशित भइ बागमती प्रदेश सरकारले श्रम, रोजगार तथा यातायात मन्त्रालय स्थापना गरि श्रम ब्यबस्थापन तथा रोजगार अभिवृद्दीका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ ।

नेपाल सरकारले नेपालमा बालश्रम निवारण राष्ट्रिय गुरुयोजना २०७५ देखि २०८५ तर्जुमा गरि लागु गरेको छ । उक्त गुरुयोजनाले संघ, प्रदेश र स्थानीय सरकारले गर्नुपर्ने विभिन्न कार्यहरु उल्लेख गरी बालश्रम अन्त्यका लागि तिनै तहका सरकारहरुबिच समन्वय, साझेदारी र सहकार्यको आवश्यक्ता रहेको औल्याएको छ ।  यसै सन्दर्भमा बागमती प्रदेशलाई बालश्रममुक्त प्रदेशको रुपमा विकास गर्न र बालश्रम अन्त्यको राष्ट्रिय लक्ष्यलाई कार्यान्वयन गर्न बागमती प्रदेश सरकारले प्रदेशको बालश्रम निवारण गर्नकालगि बालश्रम सम्बन्धी  कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

## २. बालश्रम सम्बन्धी विद्यमान राष्ट्रिय नीतिगत र कानुनी ब्यबस्था

नेपालको संविधानले बालश्रमलाई पुर्णतया निषेधित गरेको छ । नेपालको संविधानको मौलिक हक अन्तरगत धारा २९ मा प्रत्येक ब्यक्तिलाई शोषणविरुद्धको हक रहेको र कसैलाई पनि बेचबिखन दास, बाधा वा इच्छाविपरत काममा लगाउन नपाइने सुनिश्चितता गरेको छ। धारा ३९ को उपधारा ४ मा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै जेखिमपुर्ण काममा लगाउन नपाइने ब्यबस्था गरेको छ। संवैधानिक रुपमा नै यस्ता कार्यलाई दण्डनिय उल्लेख गरिएको छ र पीडित बालबालिकालाई कानुन बमोजिम क्षतीपुर्तिको हक रहेको पनि उल्लेख गरेको छ । नेपालको संविधानले धारा ३३ मा प्रत्येक ब्यक्तिलाई रोजगारीको हकको ब्यबस्था गरेको छ भने धारा ३४ मा उचित श्रम अभ्यासको हकको उल्लेख गरिएको छ। यसरी बालश्रम, बाल दासत्व, बाल बेचबिखन र बालबालिकाको बाध्यकारी श्रमलाई संवैधानिक रुपमा नै निषेधित गरिएको छ ।

संविधानमा उल्लेखित राज्यका नीति अन्तरगत धारा ५१ को उपधारा (झ) को (३) मा राज्यले सबैप्रकारका बालश्रम अन्त्यका लागि आवश्यक नीति लिने र कार्यान्वयन गर्ने उल्लेख गरिएको छ। संविधानको मौलिक हकको कार्यान्वयनका सन्दर्भमा नेपाल सरकारले श्रम ऐन २०७४, बालश्रम ( निषेध र नियमित गर्ने) ऐन २०५६ तथा बालबालिका सम्बन्धी ऐन २०७५ का साथै मुलुक देवानी संहिता २०७४ लागु गरेको छ। यसका साथै कमैया श्रम निषेध गर्ने सम्बन्धी ऐन २०५८, अपराध पीडितको हक संरक्षण गर्ने ऐन २०७५, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र मुलुकी अपराध संहिता, २०७४ पनि बालश्रमका सन्दर्भमा आकर्षीत हुने राष्ट्रिय कानुनहरु हुन। नेपालको विद्यमान कानुनले निम्न अभ्यासहरुलाई निषेध गर्नुका साथै कानुनी रुपमा दण्डनिय बनाएको छ :

- १४ वर्ष भन्दा कम उमेरका बालबालिकालाई श्रममा लगाउनु।
- १४ वर्ष भन्दा बढी उमेरका बालबालिकालाई रोजगारीमा लगाउँदा तल उल्लिखित अभ्यासहरु गर्ने कार्य :
  - दैनिक ६ घण्टा वा हप्तामा ३६ घण्टा भन्दा बढी काममा लगाउनु।
  - बिहान ६ बजे अगाडि र साँझ ६ बजेपछि काममा लगाउनु।
  - लगातार तीन घण्टा भन्दा बढी समय काममा लगाउनु।
  - कानूनले तोके अनुसार न्यूनतम ज्याला प्रदान नगर्नु।
  - बालबालिकाको क्षमताले भ्याउने भन्दा बढी समय र शक्ति लाग्ने कामम लगाउनु।
  - बालबालिकाको विद्यालय शिक्षाबाट बञ्चित बनाई काममा लगाउनु।
  - नेपाल सरकारले राजपत्रमा सुचना प्रकासित गरि जोखिमपूर्ण बालश्रम भनि उल्लेख गरेका काममा लगाउनु।

नेपाल संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार महासन्धि तथा आइएलओका विभिन्न श्रम सम्बन्धी महासन्धिहरुको पनि पक्ष राष्ट्र हो। नेपालले नागरिक राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि १९६६, आर्थिक सामाजिक सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि १९६६, बालअधिकार सम्बन्धी महासन्धि १९८९, बाध्यकारी श्रम सम्बन्धी आइएलओ महासन्धि २९, बाध्यकारी श्रम निर्मूलन सम्बन्धी आइएलओ महासन्धि १०५, श्रममा प्रवेश गर्ने न्यूनतम उमेर सम्बन्धी महासन्धि १३८ तथा निकृष्ट प्रकारको बालश्रम निवारण सम्बन्धी महासन्धि १८२ अनुमोदन गरि पक्ष राष्ट्रको रुपमा रहेको छ। यी अन्तर्राष्ट्रिय महासन्धिहरुले नेपाललाई बालश्रम निवारणका लागि विभिन्न नीतिगत, कार्यक्रमिक र

कानुनी ब्यबस्थाहरु निर्माण गर्न र लागु गर्नुपर्ने दायित्व सृजना गरेको छ। नेपालले यी महासन्धिहरुको कार्यान्वयनका अवस्थाका सम्बन्धमा संयुक्त राष्ट्र संघको विश्वव्यापी आवधिक समिक्षा तथा मानवअधिकार सन्धि समितिहरुमा नियमित आवधिक प्रतिवेदनहरु पेश गर्नु पर्दछ।

नेपालले दिगो विकास लक्ष्य २०३० को लक्ष्य ८ को परिमाणात्मक लक्ष्य ८.७: निकृष्ट प्रकारको बालश्रमको निषेध र अन्त्य गर्न, बाध्यकारी श्रमको उन्मूलन गर्न र सन् २०२५ सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपयाहरु अपनाउने भनि उल्लेख गरिएकोमा नेपालले जोखिमपुर्ण भएको काम/स्थानहरुमा कार्यरत बालबालिकाको अनुपात ३० प्रतिशत बाट २०३० को अन्त्यसम्ममा शुन्य प्रतिशतमा झार्ने प्रतिबद्धता व्यक्त गरको छ। यसको मापन हरेक ५ वर्षमा सर्वेक्षण मार्फत केन्द्रीय तथ्याङ्क विभागले गर्ने उल्लेख गरिएको छ।

दिगो विकास लक्ष्यको लक्ष्य १६ मा दिगो विकासका निम्ति शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहहरुमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाहरुको स्थापना गर्ने प्रावधान रहेको छ। यस लक्ष्य १६ को परिमाणात्मक लक्ष्य १६.२ मा बालदुरचार, बालशोषण, तस्करी, बेचबिखन र बालबालिका माथिको यातना तथा सबै प्रकारको हिंसा समाप्त गर्ने लक्ष्य राखेको छ। नेपाल सरकारको १६औ आवधिक योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ र सुशासन मार्फत नै सामाजिक न्याय र समृद्धि हासिल गर्न सकिन्छ भन्ने विश्वास लिएको छ। यो योजना नेपाललाई अतिकम विकसित मुलुकबाट विकासशिल मुलुकका रुपमा स्थापित गराउदै समृद्धि तर्फ लाने सोचका साथ तयार गरिएको छ। यस योजनाले रोजगारीमा महिला र पुरुषको सहभागिता अनुपात १:१.७ बाट १:१.२ मा ल्याउने, १५ बर्ष वा सो भन्दा माथिको बाध्यकारी श्रमको दर प्रतिहजारमा १.२ बाट शुन्यमा ल्याउने लक्ष्य लिएको छ। यस योजनाको परिच्छेद ४ उत्पादनशिल रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा अन्तरगत मुख्य सवाल र चुनौतीमा श्रम व्यवस्थापनमा सुधारमा बालश्रम लगायत हलिया, हरुवा, चरुवा, अनौपचारिक रोजगारी र स्याहार सम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्नु, श्रम बजारमा रहेका लैङ्गिक विभेद र असमानता हटाइ श्रम सुशासन कायम गर्नु, श्रम निरीक्षणलाई प्राभावरकारी बनाउनु, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा सुनिश्चित गर्नु, श्रम र सामाजिक सुरक्षा ऐनको प्रभावकारी कार्यान्वयन गर्नु र न्यूनतम पारिश्रमिकको सुनिश्चितता गर्नु उल्लेख गरेको छ। यसको रुपान्तरणकारी रणनीति अन्तरगत रणनीति नं ५ मा बाध्यकारी श्रम उन्मूलन, निकृष्ट प्रकृतिको बालश्रम र जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको उद्धार र संरक्षण गर्ने भन्ने उल्लेख गरिएको छ। प्रमुख कार्यक्रमको बुदा ६ मा मर्यादित श्रम प्रवर्द्धन सम्बन्धी कार्यक्रम अन्तरगत बालश्रम निवारण सम्बन्धी राष्ट्रिय

गुरुयोजना (२०७५-२०८५) को कार्यान्वयन गर्ने, श्रम अडिटको प्रभावकारिता वृद्धि तथा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्ने, प्रतिष्ठानको नियमन र श्रम निरिक्षण, अर्थतन्त्र र रोजगारिको औपचारिकिकरण कार्यक्रम गर्ने, श्रम बजारमा रहेका लैङ्गिक विभेद र असमानता निवारण गर्ने, बाध्यकारी तथा बालश्रम निवारण श्रममैत्री सस्कार प्रवर्द्धन कार्यक्रम संचालन गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । यस गुरुयोजनाको उदेश्य नेपालबाट सबै प्रकारको बालश्रम पूर्णरुपमा निवारण गरी मुलुकलाई बालश्रम रहित बनाउनु रहेको छ । त्यस्तै, आवश्यक नीति, रणनीति तथा कानून पहिचान र संशोधन गरी वि.सं. २०७९ सम्ममा निकृष्ट बालश्रम निवारण गर्नु यो गुरुयोजनाको लक्ष्य रहेको छ ।

### ३. बागमती प्रदेशमा बालश्रमको अवस्था

नेपालमा बालबालिकाको जनसंख्या ७० लाख ७४ हजार ७५६ रहेको छ । त्यसमध्ये ५ देखि १७ वर्ष उमेर समुहका १० लाख ८१ हजार ५१२ (१५.३ प्रतिशत) बालबालिका बालश्रममा रहेका छन । बालश्रममा रहेका बालबालिका मध्ये २ लाख २२ हजार ४९३ (३.२ प्रतिशत) बालबालिका जोखिमपूर्ण काममा संलग्न छन् । करिब ७४ प्रतिशत बालबालिका अनौपचारिक क्षेत्रमा जोखिमपूणं कार्यका संलग्न छन् । १० लाख ८१ हजार ५१२ बालश्रमिक मध्ये ५ देखि १३ उमेर समुहका १२ प्रतिशत रहेका छन् भने १४ देखि १७ वर्ष उमेर समुहका १७.३ प्रतिशत रहेको छ ।

बागमती प्रदेशमा अन्य प्रदेशको तुलनामा बालश्रम दर कम रहेको छ, यद्यपी यस प्रदेशमा निकृष्ट र जोखिमपुर्ण बालश्रमको दर भने तुलनात्मक रुपमा अन्य प्रदेश भन्दा बढी रहेको छ। कुल बालश्रमिकहरु मध्ये यस प्रदेशमा  ८.९ प्रतिशत रहेको छ । भने यस प्रदेशमा जोखिम युक्त बालश्रम ३.१ प्रतिशत रहेको छ । बागमती प्रदेशमा लिङ्गका आधारमा बाल श्रम दरमा पुरूष बाल श्रम ८.६ प्रतिशत र महिला बाल श्रम ९.३ रहेको छ ।[1] बागमती प्रदेशमा विशेष गरी निम्न क्षेत्रमा बालश्रमको प्रयोग भएको पाइएको छ :

- घरेलु श्रम
- ढुंगा, गिटि तथा बालुवा खानी
- साना होटल तथा खाजाघरहरु

[1] बालश्रम प्रतिवेदन २०२१

- छोटा दुरीका सार्वजनिक यातायात
- इटा उद्योग
- बयस्क मनोरञ्जन क्षेत्रमा
- क्याटरिंग तथा पार्टी प्यालेस व्यवशाय
- व्यवशायिक तथा पारिवारिक कृषी[2]
- निर्माण श्रमिकका रुपमा

४. बागमती प्रदेशको बालश्रम सम्बन्धी नीतिगत ब्यबस्था

बागमती प्रदेश सरकारले प्रदेशमा बालअधिकार संरक्षण तथा बालश्रम निषेध गर्न विभिन्न नीतिगत तथा कानुनी ब्यवस्थाहरु गरेको छ । बागमती प्रदेश सरकारले बालबालिका सम्बन्धी  ऐन, २०७६ जारी गरी कार्यान्वयन गरि रहेको छ । यस ऐनको दफा २५ मा मनोरञ्जन क्षेत्रमा लैजान वा प्रयोग गर्न गराउन नहुने : बालबालिकालाई  डान्सबार, क्याबिन रेस्टुरेन्ट, मसाज पार्लर, दोहोरी साँझ, जस्ता मनोरञ्जन स्थलमा काममा लगाउन र प्रवेश गराउन नहुने, बालिगहरुकालागि मात्र भनि तोकिएका चलचित्र तथा श्रव्यदृश्य बालबालिकालाई देखाउन नहुने, जादु वा सर्कसमा लाग्न प्रोत्साहन गर्न नहुने र दफा २८ मा आर्थिक शोषण तथा बालश्रममा लगाउन नहुनेः बालबालिकाको श्रमशोषण गर्न, निषेधित काममा लगाउन, आर्थिक लाभ वा गैरकानूनी रूपमा मुनाफा कमाउने उद्देश्यले श्रममा लगाउन वा कमाउने साधनका रूपमा दुरूपयोग गराउन नहुने व्यवस्था गरेको छ ।

त्यसैगरि बागमती प्रदेश बालबालिका सम्बन्धी नीति, २०८० ले बालश्रम सम्बन्धी प्रमुख समस्याका रुपमा खास गरी होटल, रेस्टुरेन्ट तथा चियापसल, क्याट्रिङ्ग, ईंट्टाभट्टा तथा सवारीसाधन, घरेलु श्रम तथा निर्माण कार्यमा बालश्रम प्रयोग हुनु, सूर्तीजन्य पदार्थ, मद्दपान, लागूपदार्थको दुर्व्यसन तथा ओसारपसारमामा बालबालिकाको संलग्नता बढ्नु, सर्कसमा काम गर्न, यौन शोषण, श्रम  शोषण लगायतका लागि देशभित्र तथा विदेशमा बालबालिकाको ओसारपसार लाइ पहिचान गरेको छ।  उक्त समस्या समाधानकालागि बालबालिका माथि हुने वा हुन सक्ने हिंसा, भेदभाव, दुर्व्यवहार, शोषण, परम्परागत हानिकारक अभ्यास र बेवास्ता लगायतका हानिबाट बालबालिकाको संरक्षण गर्ने उदेश्य राखेको छ । बालश्रम नीवारण सम्बन्धी नीति अन्तरगत बालबालिका विरूद्ध कुनै प्रकारको हिंसा,

[2] पारिवारीक कृषि भन्नाले बालबालिकालाइ शिक्षाबाट बञ्चित गरि घरायसी कृषि काममा लगाउने तथा कृषिकार्यबाट आर्थिक उपार्जनमा लगाउने कार्य

भेदभाव, दुर्व्यवहार, शोषण हुन नदिन घटनाको शीघ्र सम्बोधन र घटना व्यवस्थापनका कार्य गरिनेछ र सबै क्षेत्रमा बालश्रमको अन्त्य गरिनेछ भन्ने व्यवस्था गरेको छ ।

बागमती प्रदेश श्रम तथा रोजगार नीति, २०८० ले असल श्रम सम्बन्धको विकास गर्नु, उद्यममैत्री पूर्वाधारको विकास गर्नु, रोजगारी सिर्जनामा अन्तरनिकाय समन्वय सदृढ बनाउनुलाइ मुख्य समस्या तथा चुनौतिको रुपमा पहिचान गरेको छ । यस नीतिले गणुस्तरीय र उत्पादनशील रोजगारीका अवसरमा वृद्धि गर्ने र श्रमिकको अधिकारको रक्षा तथा श्रम प्रशासनको सुदृढीकरण गर्ने उदेश्य लिएको छ । यस नीतिको बालश्रम निवारण सम्बन्धी रणनीति अन्तरगत शोषणयुक्त बालश्रम उन्मूलन र निषेध गरिने, बालश्रम निवारणमा स्थानीय तह, ट्रेडयूनियन, रोजगारदाता र बालश्रमको क्षेत्रमा कार्यरत संघसंस्थाहरुसँग प्रभावकारी सहकार्य, समन्वय र सञ्जाल स्थापना गरीने, बालश्रममा परेका बालबालिकाको खोजी, अनुगमन र उद्धार गरी पुनर्स्थापना गरिने, र बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि सचेतना, शिक्षा, सीप विकास, जीविकोपार्जनका वैकल्पिक उपाय सम्बन्धी लक्षित कार्यक्रमबाट सहयोग पुर्याइने कार्यनीति तय गरेको छ ।

बागमती प्रदेश सरकारको दोश्रो आवधिक योजना २०८१/२०८२ -२०८५/२०८६ लागु गरेको छ । यस आवधिक योजनाको लैगिक समानता तथा सामाजिक समावेशिकरण सम्बन्धी बालबालिकाको संवैधानिक हक पूर्ण रुपमा लागुगर्ने रणनीति अन्तरगत सवैप्रकारको बालश्रमको अन्त्य गरिने कार्यनीति राखेको छ ।

## ५. कार्य योजनाको औचित्य

नेपाल सरकारले बालश्रम निवारण सम्बन्धी दिगो विकास लक्ष्य प्राप्तीलाई द्रुत गतीमा प्रभावकारी ढंगले अघि बढाउने उदेश्यका साथ विश्व बालश्रम निवारणका क्षेत्रमा मार्गदर्शक राष्ट्रको रुपमा रहने प्रतिवद्दता गरेको छ । दिगो विकास लक्ष्य ८.७ को प्राप्तीका लागि नेपाल एक अग्रणी राष्ट्रको रुपमा रहेको छ ।

नेपाल सरकारले बालश्रम निवारणमा प्रभावकारी कार्य गर्न तथा सरोकारवाला निकायहरुसँग समन्वय गर्नकालागि एलायन्स ८.७ सचिवालय स्थापना गरी एलायन्स ८.७ लाई प्रदेश तथा स्थानीय तह सम्म प्रवर्द्धन गरी बालश्रम, मानव बेचबिखन र बाध्यकारी श्रमलाई एकिकृत ढंगले सम्बोधन गर्न विशेष राष्ट्रिय कार्यक्रम सञ्चालन गरिरहेको छ ।

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना र कार्यान्वयन कार्ययोजनाले प्रत्येक प्रदेश तथा स्थानीय तहले बालश्रम निवारण सम्बन्धी नीतिगत र योजनाबद्द कार्यक्रम लागु गर्ने योजना तय गरेको छ ।

बागमती  प्रदेश सरकारको दोश्रो आवधिक योजनाले सवै प्रकारको बालश्रमको अन्त्य गर्ने लक्ष्य लिएको छ । प्रदेशको बालबालिका सम्बन्धी  ऐन, २०७६ ले बालश्रम, मानव बेचबिखन तथा ओसारपसार, हिंसा र बञ्चितिकरण तथा बाध्यकारी श्रमबाट संरक्षण प्राप्त गर्ने बालबालिकाको अधिकारको रुपमा स्विकार गरेको छ ।

प्रदेश बालबालिका सम्बन्धी  ऐन २०७६, बालबालिका सम्बन्धी नीति २०८०, एलायन्स ८.७ को प्रतिबद्दता, दिगो विकास लक्ष्य प्राप्ती तथा बागमती  प्रदेशको दोश्रो आवधिक योजनाको लक्ष्य, उद्देश्य र कार्यक्रमहरुको कार्यान्वयन गर्दै बालश्रममुक्त बागमती प्रदेश निर्माणका लागि प्रदेशस्तरीय बालश्रम निवारण रणनीतिक योजना तर्जुमा गरिको छ ।

## ६. रणनीतिक योजना निर्माणका आधार

नेपालको संविधानले बालश्रमलाई निषेध गर्दै बालअधिकारको सम्मान, संरक्षण र परिपूर्तीकालागि मार्ग निर्देश गरेको छ । संविधानका मौलिकहक  कार्यान्वयनकालागि बिभिन्न कानुन, नीति, नियम बनाउनुपर्ने दायित्व सिर्जना गरेको छ। यसै सन्दर्भमा बागमती प्रदेश सरकारले बालश्रम मुक्त प्रदेश बनाउनकालागि बालश्रम निवारणकालागि रणनीतिक योजना तर्जुमा गरेको छ। यो योजना तर्जुमाका सन्दर्भमा नेपालको संविधान, बालश्रम (निषेधित तथा नियमित गर्ने) ऐन २०५६ र नियमावलि २०६२, बालबालिका सम्बन्धी ऐन २०७५ र नियमावली २०७८, श्रम ऐन २०७४, दिगो विकास लक्ष्य २०३०, बालश्रम निवारण संम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५, नेपाल सरकारको १६ औ आवधिक योजना, बागमती प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६, बालबालिका सम्बन्धी नीति २०८०, बागमती प्रदेशको दोश्रो आवधिक योजना २०८१/२०८२ -२०८५/२०८६, बागमती प्रदेश श्रम तथा रोजगार नीति, २०८०, स्थानीय सरकार संचालन ऐन २०७४, बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि २०७७, नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निकृष्ट प्रकारको बालश्रमको सुचि लाई यस रणनीति तर्जुमाको आधारको रुपमा लिएको छ ।

## खण्ड ख : सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रमहरु

१. कार्य योजनाको सोच, लक्ष्य र उद्देश्य

सोच : बाल श्रममुक्त बागमती प्रदेश ।

लक्ष्य: बि.सं २०८६ सम्ममा सबै प्रकारका बालश्रम निवारण गरि बालश्रममुक्त बागमती प्रदेश निर्माण गर्ने ।

**उद्देश्यहरु**

१. बालश्रम निवारणका लागि आवश्यक नीतिगत तथा कानुनी संयन्त्रहरुको निर्माण गर्ने ।

२. प्रचलित कानुन अनुरुपका बालश्रमको निवारण गर्ने ।

३. बालश्रम निवारणका लागि अन्तरतह, अन्तरनिकाय, अन्तर क्षेत्र[3] तथा समुदायबिचको समन्वय र सहकार्य प्रवर्द्धन गर्ने ।

**२. रणनीतिहरु**

यस कार्ययोजनाको रणनीतिहरु निम्नानुसार निर्धारण गरिएको छ :

उद्देश्य १. बालश्रम निवारणका लागि आवश्यक नीतिगत तथा कानुनी संयन्त्रहरुको व्यवस्था गर्ने

**रणनीतिहरु**

१.१ बालश्रम निवारणका लागि प्रदेशस्तरीय प्रचलित कानुनी व्यवस्थाको अध्ययन गरि सुझाव दिने ।

१.२ बालश्रम सम्बोधनका लागि प्रदेश तहमा संयन्त्र तथा संरचनाहरुको व्यवस्था गर्ने ।

उदेश्य २. प्रचलित कानुन अनुरुप बालश्रमको निवारण गर्ने :

**रणनीतिहरु**

२.१ बागमती प्रदेशको बालश्रम अवस्था सम्बन्धि तथ्यांक अध्यावधिक गरी बालश्रम निवारणका कार्यक्रमहरु संचालन गर्ने ।

२.२ प्रदेश भित्रका सबै उद्योग, कलकारखाना, व्यापार व्यवसाय, निर्माण क्षेत्र, सामाजिक क्षेत्र तथा मुख्य बजार क्षेत्रहरुलाई बालश्रममुक्त क्षेत्र घोषणा गर्ने ।

[3] 14th National Periodic Plan, National Planning Commission, Government of Nepal

२.३ प्रदेशभित्र नियमित रुपमा बालश्रम अनुगमन, उद्धार, संरक्षण तथा पुनस्थापर्ना कार्यक्रम सञ्चालनगर्ने ।

२.४ बालश्रम जोखिमता न्युनिकरणका लागि अनौपचारिक क्षेत्रका[4] श्रमिकहरुको पञ्जिकरण, सामाजिक सुरक्षा पहुँच विस्तार गर्ने ।

२.५ पारिवारिक तथा व्यवशायिक कृषी उद्यम, व्यवशायहरुमा बालश्रमको प्रयोगको अभ्यास न्युनीकरण गर्ने ।

२.६ बालश्रमका लागि संभावित उद्‌गमस्थलका रुपमा पहिचान भएका परिवार तथा अभिभावकहरुको जीवनस्तर सुदृढिकरणका लागि उत्पादनमुलक श्रम र दिगो आयश्रोतको पहूँच स्थापित गर्ने ।

उदेश्य ३. बालश्रम निवारणका लागि अन्तरतह, अन्तरनिकाय, अन्तर क्षेत्र तथा समुदायबिचको समन्वय र सहकार्य प्रवर्द्धन गर्ने ।

**रणनीतिहरु**

३.१ प्रदेशभित्रका सबै स्थानीय तह बालश्रममुक्तस्थानीय तह घोषणा गर्ने ।

३.२ संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय सरकारबिच बालश्रम निवारणमा नियमित रुपमा समन्वय र सहकार्यका कार्यक्रमहरु सञ्चालन गर्ने ।

[4] Rastriya Arthik Ganana, Ministry of Finance

## ३. कार्यक्रम तथा कार्यतालिका

उल्लेखित उद्देश्य र लक्ष्य प्राप्तीका निम्ति देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ :

| उद्देश्य तथा रणनीति | कार्यक्रमहरु | समय सिमा | जिम्मेवार निकाय | सहयोगी | अनुमानित लागत (रु.हजारमा) |
|---|---|---|---|---|---|
| **उद्देश्य १. बालश्रम निवारणका लागि आवश्यक नीतिगत तथा कानुनी संयन्त्रहरुको निर्माण गर्ने ।** | | | | | |
| १.१ बालश्रम निवारणका लागि प्रचलित प्रदेशस्तरीय कानुनको अध्ययन गरि आवश्यक कानुन निर्माण गर्ने | १.१.१ प्रदेशस्तरीय बालश्रम निषेध र नियमित गर्न बनेका कानुनको अध्ययन गरि आवश्यक कानुन निर्माण गरिनेछ | २०८२ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | प्रदेशसभा, प्रदेश नीति तथा योजना आयोग, आन्तरिक मामला मन्त्रालय, सामाजिक विकास मन्त्रालय, विकास साझेदारहरु | २०० |
| | १.१.२ बालश्रम निषेध र नियमित गर्न प्रदेशस्तरीय आवश्यक नियमावली तर्जुमा गरिनेछ | २०८२ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | आन्तरीक मामला मन्त्रालय, विकास साझेदारहरु | १५० |
| | १.१.३ प्रदेशस्तरीय बालश्रम निषेध र नियमित गर्न आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्डहरु निर्माण गरिनेछ | २०८३ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | आन्तरीक मामला मन्त्रालय, विकास साझेदारहरु | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १.२ बालश्रम सम्बोधनका लागि प्रदेश तहमा संयन्त्र तथा संरचनाहरुको व्यवस्था गर्ने । | १.२.१ प्रदेशस्तरीय बालबालिका खोजतलास सेवा (१०४) बिस्तार र सञ्चालन गरिनेछ । | २०८२ | सामाजिक विकास मन्त्रालय | नेपाल सरकार महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | १०० |
| | १.२.२ प्रदेशभित्र बाल हेल्पलाइन सेवा १०९८ विस्तार गर्ने | २०८३ | सामाजिक विकास मन्त्रालय | राष्ट्रिय बालअधिकार परिषद् | १०० |
| | १.२.३ आवश्यक्ता अनुसार गैससहरु सँगको सहकार्यमा बाल संरक्षण तथा पुनर्स्थापना सेवा केन्द्र सञ्चालन गरिनेछ | २०८३ | सामाजिक विकास मन्त्रालय | श्रम रोजगार तथा यातायात मन्त्रालय<br>विकास साझेदार<br>स्थानीय सरकार | ५०० |
| | १.२.४ बालश्रमबाट उद्दार गरिएका र परिवारमा पुनर्स्थापना हुन नसकेका बालबालिकाको लागि शिक्षा तथा सिप विकासको अवसर सहितको वैकल्पिक हेरचाह सेवा  सञ्चालन गरिनेछ । | निरन्तर | सामाजिक विकास मन्त्रालय | श्रम रोजगार तथा यातायात मन्त्रालय<br>विकास साझेदार<br>स्थानीय सरकार | ३०० |
| **उदेश्य २. प्रचलित कानुन अनुरुपका बालश्रमको निवारण गर्ने ।** | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २.१ बागमती प्रदेशको बालश्रम अवस्था सम्बन्धी तथ्यांकीय प्रतिवेदन र कार्यक्रमहरुको कार्यान्वयन अभिलेखिकरण गर्ने | २.१.१ स्थानीय तहका रोजगार संयोजकहरुलाई स्थानीय श्रम तथा रोजगार अवस्था, सुचना अद्यावधिक तथा समिक्षा सम्बन्धी क्षमता विकास गरिनेछ। | प्रत्येक आ.ब. | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | स्थानीय तह विकास साझेदार | ७५० |
| | २.१.२ स्थानीय तहमा सञ्चालन भएका बालश्रम निवारणमा प्रत्यक्ष र परोक्ष सहयोग पुग्ने कार्यक्रम तथा विवरण संकलन गरिने छ। | प्रत्येक आ.ब. | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | स्थानीय तह विकास साझेदार | |
| | २.१.३ प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमार्फत रोजगारीका क्षेत्रहरु, रोजगार र बेरोजगारका साथै बालश्रम सम्बन्धी तथ्यांक संकलन र अद्यावधिक गरिनेछ। | प्रत्येक आ.ब. | स्थानीय तह विकास साझेदार | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | १००० |
| | २.१.४ प्रदेशस्तरीय बालश्रम अवस्था र प्रगती प्रतिवेदन सार्वजनिक गरिनेछ। | बार्षिक | श्रम रोजगार तथा यातायात | स्थानीय तह विकास साझेदार | ३०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्था मन्त्रालय | | |
| २.२ प्रदेश भित्रका सबै औद्योगिक क्षेत्र तथा मुख्य बजार क्षेत्रहरुलाई बालश्रममुक्त क्षेत्र घोषणा हुने । | २.२.१ औद्योगिक क्षेत्र व्यबस्थापन समिति, बजार व्यवस्थापन समिति, सम्बन्धित स्थानीय तह, उद्योग बाणिज्य महासंघ तथा गैससहरुसँग बालश्रममुक्त उद्योग व्यवशाय प्रवर्द्धन सम्बन्धि कार्यशाला गोष्ठी गरिनेछ । | २०८२ | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | औद्योगिक क्षेत्र तथा बजार व्यवस्थापन समिति, उद्योग बाणिज्य महासंघ, ट्रेड युनियन, स्थानीय तह, विकास साझेदार | ७५० |
| | २.२.२ सम्बन्धित उद्यमी तथा व्यवशायीहरुमाझ बालश्रम निषेधको प्रतिवद्दता पत्र र स्वघोषणा लागु गरिनेछ । | २०८२ | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | औद्योगिक क्षेत्र तथा बजार व्यवस्थापन समिति, उद्योग बाणिज्य महासंघ, ट्रेड युनियन, स्थानीय तह, विकास साझेदार | २०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.२.३ श्रम रोजगार तथा यातायात मन्त्रालयको नेतृत्वमा औद्योगिक तथा बजार क्षेत्रको अनुगमन गर्ने र बालश्रम मुक्त भएका उद्योग व्यवशायहरुलाई बालश्रम मुक्त उद्योग व्यवशाय प्रमाण पत्र दिइनेछ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | औद्योगिक क्षेत्र तथा बजार व्यवस्थापन समिति, उद्योग बाणिज्य महासंघ, ट्रेड युनियन, स्थानीय तह, विकास साझेदार | २०० |
| | २.२.४ बालश्रम मुक्त उद्योग ब्यबशाय सञ्चालन गर्न चाहने तथा बालश्रम मुक्त स्थानीय तह कार्यान्वयन गर्न चाहने स्थानीय तहलाई प्राविधिक परामर्श तथा सहायता प्रदान गर्ने । | निरन्तर | रोजगार संयोजक/बालक ल्याण अधिकारी | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | ११९०० |
| | २.२.५ श्रम अडिटरहरुमाफ श्रम अडिटका सन्दर्भमा बालश्रम मुल्यांकन र प्रतिवेदन सम्बन्धी नियमित अनुशिक्षण गरिनेछ । | बार्षिक | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | उद्योग बाणिज्य महासंघ, विकास साझेदार | १००० |

| | | | | | |
|---|---|---|---|---|---|
| २.३ प्रदेशभित्र नियमित रुपमा बालश्रम अनुगमन, उद्धार, संरक्षण तथा पुनस्थापर्ना कार्यक्रम सञ्चालन गर्ने । | २.३.१ श्रम कार्यालय, स्थानीय बाल कल्याण अधिकारी, स्थानयि रोजगार संयोजक, प्रहरी, बालबालिका खोजतलास सेवा, बाल हेल्पलाइन सेवा, संरक्षण तथा पुनर्स्थापना केन्द्रमा कार्यरत कर्मचारीहरुका लागि बालश्रम अनुगमन, उद्दार तथा संरक्षण र पुनर्स्थापना सम्बन्धि तालिम सञ्चालन गरिनेछ । | बार्षिक | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | श्रम कार्यालय, सामाजिक विकास मन्त्रालय, स्थानीय तह विकास साझेदार | १५०० |
| | २.३.२ स्थानीय तह बाल अधिकार समितीको नेतृत्वमा रोजगार संयोजक, प्रहरी समेत रहेको बालश्रम अनुगमन, उद्दार कार्यक्रम सञ्चालन गरिनेछ । | निरन्तर | स्थानीय तह | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | १५०० |
| | २.३.३ बालश्रमबाट उद्दार गरिएका बालबालिकाको संरक्षण, पुनर्स्थापना सेवाको व्यवस्था गरिनेछ । | निरन्तर | स्थानीय तह बालअधिकार समिती | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय विकास सझोदार | २००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.३.४ बालश्रम प्रयोग गर्ने रोजगारदातालाई कानुन अनुसार कार्वाही र सजायका लागि सम्बन्धित निकायलाई सिफारिस गरिनेछ । | निरन्तर | श्रम कार्यालय | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय<br>जिल्ला प्रशासन कार्यालय<br>प्रहरी | |
| २.४ बालश्रम जोखिमता न्युनिकरणका लागि अनौपचारिक क्षेत्रका श्रमिकहरुको पञ्जिकरण, सामाजिक सुरक्षा पहुँच विस्तार हुने । | २.४.१ स्थानीय तहका जनप्रतिनिधि, बालअधिकार समिति, सामुदायिक संस्था, बाल क्लब तथा विद्यालय शिक्षकहरुलाई बालश्रम जोखिम समुहको पहिचान, सिफारिस र सिपिआइएमएससम्बन्धि अनुशिक्षण गरिनेछ । | प्रत्येक २ बर्षमा एक पटक | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | सामाजिक विकास मन्त्रालय,<br>स्थानीय तह<br>विकास साझेदार<br>राष्ट्रिय बाल अधिकार परिषद् र प्रदेश बाल अधिकार समिति र स्थानीय बाल अधिकार समिति | ७१५० |
| | २.४.२ विद्यालय, बाल क्लब तथा सामुदायिक संस्थामार्फत बालश्रमको जोखिममा रहेका बालबालिकाको पहिचान र सहायताका लागि सिफारिस गराइनेछ । | निरन्तर | स्थानीय तह बालअधिकार समिति | रोजगार संयोजक<br>विकास साझेदार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २.४.३ जोखिममा रहेका बालबालिका तथा परिवारलाई स्थानीय तहमार्फत आवश्यक सहायता उपलब्ध गराईनेछ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यबस्था मन्त्रालय<br>स्थानीय बाल कोष | नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>सामाजिक विकास मन्त्रालय<br>विकास साझेदार | |
| | २.४.४ स्थानीय तहमा अनौपचारिक क्षेत्रका श्रमिक पहिचान र पञ्जिकरण गरिनेछ । | निरन्तर | स्थानीय तह<br>रोजगार संयोजक | नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>श्रम, रोजगार तथा यातायात मन्त्रालय<br>ट्रेड युनियन<br>उद्योग बाणिज्य महासंघ | |
| | २.४.५ स्थानीय तहमार्फत अनौपचारिक क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्व हुन सहजीकरण गरिनेछ । | निरन्तर | स्थानीय तह<br>रोजगार संयोजक | नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>श्रम, रोजगार तथा यातायात मन्त्रालय<br>ट्रेड युनियन | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | उद्योग बाणिज्य महासंघ | |
| २.५ पारिवारिक तथा व्यवशायिक कृषी उद्यम, व्यवशायहरुमा बालश्रमको प्रयोगको अभ्यास न्युनीकरण गर्ने । | २.५.१ व्यबशायिक तथा गैर व्यवशायिक कृषकहरुमाझ कृषीमा बालश्रमको जोखिमता तथा व्यवशायजन्य स्वास्थ्य सुरक्षाको विषयमा अनुशिक्षण गर्ने । | निरन्तर | श्रम रोजगार तथा यातायात मन्त्रालय | कृषी मन्त्रालय<br>स्थानीय तह<br>विकास साझेदार | ७५० |
| | २.५.२ स्थानीय बालअधिकार समिती तथा बालक्लब मार्फत समुदाय, विद्यालय र बालबालिकामाझ कृषीमा बालश्रम र व्यवशायजन्य स्वास्थ्य सुरक्षा सम्बन्धि सचेतना सञ्चालन गर्ने । | निरन्तर | स्थानीय तह | श्रम रोजगार तथा यातायात मन्त्रालय<br>कृषी मन्त्रालय<br>विकास साझेदार | १२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| | सिक्दै कमाउदै कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ । | | | | |
| | २.५.३ स्थानीय तह कृषी शाखा, बालअधिकार समिति मार्फत कृषी क्षेत्रमा बालश्रमको अवस्था अनुगमन गरिनेछ । | निरन्तर | स्थानीय तह | श्रम रोजगार तथा यातायात मन्त्रालय<br>कृषी मन्त्रालय<br>विकास साझेदार | |
| २.६ बालश्रमका लागि संभावित उद्गमस्थलका रुपमा पहिचान भएका परिवार तथा अभिभावकहरुको जीवनस्तर सुदृढिकरणका लागि उत्पादनमुलक श्रम | २.६.१ स्थानीय तह, विद्यालयहरुसँगको समन्वयमा बालश्रमको जोखिममा रहेका समुदाय तथा परिवारको पहिचान गरिनेछ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | सामाजिक विकास मन्त्रालय<br>स्थानीय सरकार<br>विकास साझेदार | |

| | | | | | |
|---|---|---|---|---|---|
| र दिगो आयश्रोतको पहूँच स्थापित गर्ने । | | | | | |
| | २.६.२ बालश्रमका प्रभाव तथा उपलब्ध विकल्पहरुका बारेमा समुदाय र विद्यालयमा अनुशिक्षण, सडक नाटक तथा सृजनात्मक प्रस्तुतीहरु सञ्चालन गरिने छ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | सामाजिक विकास मन्त्रालय स्थानीय सरकार, विकास साझेदार, संचारमाध्यम | १००० |
| | २.६.३ आम सञ्चार माध्यमहरुबाट बालश्रम विरुद्द विभिन्न जनचेतनामुलक सन्देशहरु प्रकाशन तथा प्रसारण गरिनेछ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | सामाजिक विकास मन्त्रालय स्थानीय तह, विकास साझेदार संचार माध्यम | |
| | २.६.४ स्थानीय सरकारसँग समन्वयगरि बार्षिक नीति तथा योजना तर्जूमामा बालश्रमको जोखिममा रहेका परिवारका लागि आयआर्जनका कार्यक्रम तर्जुम ागर्न पहल गरिने छ । | निरन्तर | श्रम रोजगार तथा यातायात व्यवस्था मन्त्रालय | सामाजिक विकास मन्त्रालय स्थानीय तह विकास साझेदार | |

| | | | | | |
|---|---|---|---|---|---|
| **उद्देश्य ३. बालश्रम निवारणका लागि अन्तरतह, अन्तरनिकाय, अन्तर क्षेत्र तथा समुदायबिचको समन्वय र सहकार्य प्रवर्द्धन गर्ने ।** | | | | | |
| ३.१ प्रदेश भित्रका सबै स्थानीय तह बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने । | ३.१.१ स्थानीय तहका निर्वाचित जनप्रतिनिधी तथा सम्बन्धीत कर्मचारीहरुमाफ स्थानीय तहमा बालश्रम न्युनिकरण तथा बालसंरक्षण सम्बन्धी अनुशिक्षण सञ्चालन गरिनेछ । | प्रत्येक बर्ष ४० स्थानीय तह | श्रम रोजगार तथा यातायात मन्त्रालय | स्थानीय तह<br>विकास साझेदार | ७५०० |
| | ३.१.२ प्रत्येक स्थानीय तहलाई बालश्रम निवारण सम्बन्धी नीति तथा कार्यक्रम निर्माणमा सहयोग गरिनेछ । | २०८२ | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | |
| | ३.१.३ संघीय सरकरबाट प्रदान हुने बालश्रम मुक्त स्थानीय तह कार्यक्रम अनुदानमा सहभागि हुन स्थानीय तहलाई प्राविधिक सहायता तथा परामर्श प्रदान गरिनेछ । | प्रत्येक बर्ष ३० स्थानीय तह | रोजगार संयोजक | स्थानीय तह<br>विकास साझेदार | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३.१.४ बालश्रममुक्त स्थानीय तह बन्न प्रतिबद्दता ब्यक्त गरेका स्थानीय तहलाई बालश्रम न्युनिकरणका कार्यक्रम सञ्चालन गर्न थप आर्थिक अनुदान प्रदान गरिनेछ। | प्रत्येक बर्ष २० स्थानीय तह | श्रम रोजगार तथा यातायात मन्त्रालय | स्थानीय तह विकास साझेदार | ११९०० |
| | ३.१.५ बालश्रममुक्त घोषणा भएका स्थानीय तहको दिगोपनाको लागि अनुगमन र सहायता प्रदान गरिनेछ। | प्रत्येक बर्ष १० स्थानीय तह | श्रम रोजगार तथा यातायात मन्त्रालय | स्थानीय तह विकास साझेदार | ६००० |
| | ३.१.६ बालश्रम मुक्त कृषि क्षेत्र, व्यवसाय, उद्योग, उत्पादन, स्थानीय तह तथा जिल्ला लाइ बालश्रम बिरुघ्दको विश्व दिवसको अवसरमा पुरस्कृत गर्ने | प्रत्येक बर्ष | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार स्थानीय तह | १००० |
| ३.२ संघीय मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय सरकारबिच बालश्रम | ३.२.१ प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तरगत बालश्रम निवारण कार्यसमन्वय समिती गठन गरिनेछ। | २०८२ | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| निवारणमा नियमित रुपमा समन्वय र सहकार्यका कार्यक्रमहरु सञ्चालन गर्ने । | ३.२.२ प्रदेश कानुनमा बालश्रम निवारण समन्वय समितिको व्यवस्था गर्ने । | २०८२ | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | |
| | ३.२.३ बालश्रम निवारण कार्यसमन्वय समीतीको नियमित बैठक गर्ने । | त्रैमासिक | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | ५०० |
| | ३.२.४ बार्षिक रुपमा स्थानीय तह, संघीय निकाय र प्रदेश मन्त्रालयबिच बालश्रम निवारण समिक्षा तथा समन्वय बैठक आयोजना गर्ने । | बार्षिक | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | ५००० |
| | ३.२.५ बालश्रमिक, पुर्व बालश्रमिक, जोखिममा रहेका तथा अन्य बालबालिकासँग बालश्रम निवारणका लागि प्रदेश सरकारले गर्नुपर्ने कार्यहरुका बारेमा परामर्श गर्ने । | बार्षिक | श्रम रोजगार तथा यातायात मन्त्रालय | विकास साझेदार | |

४. कार्यान्वयन विधि र समय सिमा

यो रणनीतिक योजना अन्तरगत उल्लेखित रणनीति तथा मुख्य कार्यक्रमहरुको कार्यान्वयनका लागि बागमती प्रदेश सरकारले बार्षिक नीति तथा कार्यक्रम र बजेटमा कार्यक्रम विनियोजन गर्नेछ । बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयले यस रणनीतिक योजना अन्तरगतका कार्यक्रमहरुको कार्यान्वयन, समन्वय तथा सुचना ब्यबस्थापनको मुख्य जिम्मेवारी लिनेछ ।

५. जिम्मेवार निकाय र अपेक्षीत भुमिका

| | | |
|---|---|---|
| १ | संघिय सरकार | यस कार्ययोजनाको प्रभाबकारी कार्यान्वयनका लागि संघिय सरकार श्रमरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विकास साझेदारबाट प्राप्त हुने अनुदान, सहायता र कार्यक्रम कार्यान्वयनका लागि प्रदेश सरकारसँग समन्वय गर्ने । संघिय सरकारले संचालन गर्ने कार्यक्रमको प्रभावकारीताको लागि प्रदेश सरकारसँग सहकार्य गर्ने । सशर्त अनुदान प्रदान गर्ने भुमिका निर्वाह गर्ने । |

| | | |
|---|---|---|
| २ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि बागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय प्रमुख जिम्मेवार हुनेछ। साथै अन्य सरोकारवाला प्रदेश मन्त्रालय, बिभिन्न निकायहरुको यो योजना कार्यान्वयनकालागि महत्वपुर्ण जिम्मेवारी रहेको छ। सरकारी निकायका साथै निजी क्षेत्र, श्रमिक सँगठन, सञ्चार माध्यम र नागरिक संस्थाहरुको भुमिका पनि उत्तिकै महत्वपुर्ण रहेको छ। सरोकारवाला मन्त्रालय तथा निकाय सँग समन्वय गर्ने कार्य प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालय अन्तरगत श्रम तथा रोजगार शाखाले गर्ने छ। |
| ३ | सामाजिक विकास मन्त्रालय | यो रणनीतिक योजना कार्यान्वयनकालागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालय महत्वपूर्ण मन्त्रालय सरोकारवाला मन्त्रालयको रुपमा रहेको छ। मन्त्रालयको शिक्षा शाखा र बालसंरक्षण शाखाले यो रणनीतिक योजना कार्यान्वयनका लागि सहयोग गर्नेछ। |
| ४ | प्रदेश नीति तथा योजना आयोग | प्रदेशको समग्र विकास योजना, लगानी र उपलब्धीहरुको अनुगमन तथा मुल्यांकन गर्ने र मुख्य परामर्श दिने निकायको रुपमा प्रदेश नीति तथा योजना आयोग रहेको छ। यस आयोगले बालश्रम न्युनिकरण तथा मर्यादित रोजगारी सृजनाका क्षेत्रमा लगानी अभिवृद्दी गर्न, सञ्चालनमा रहेका कार्यक्रमहरुको मुल्यांकन गरी उपयुक्त सुझाव सल्लाह प्रदान गर्दछ। |

| | | |
|---|---|---|
| ५ | प्रदेशका अन्य मन्त्रालयहरु | प्रदेश सरकार अन्तरगत, उद्योग बाणिज्य विषय हेर्ने, कृषी विषय हेर्ने, शिक्षा तथा स्वास्थ्य विषय हेर्ने, आन्तरिक मामला हेर्ने र आर्थिक मामला हेर्ने मन्त्रालयहरु पनि आफ्ना नियमित कार्यक्रमहरुमा बालश्रम निवारण, जोखिम न्युनिकरणका विषयहरुलाई समावेश गरी बालश्रम न्युनिकरणमा महत्वपुर्ण योगदान दिन सक्छन् र सरोकारवाला मन्त्रालयको रुपमा रहेका छन । |
| ६ | स्थानीय सरकार | बालश्रम सँग सम्बन्धित बालबालिकाको संरक्षण तथा जोखिम न्युनिकरणका लागि सबैभन्दा छिटो र सहज रुपमा पहुँचमा रहेको स्थानीय तहले बालश्रमको अनुगमन, पहिचान, उद्दार तथा संरक्षण ब्यबस्थापन एवं पारिवारिक पुनर्मिलनमा महत्वपुर्ण जिम्मेवारी लिने। स्थानीय तहमा सचेतना अभिवृद्दी गर्ने तथा पारिवारिक सशक्तिकरण गर्दै बालश्रमको जोखिम घटाउन स्थानीय तहका बाल संरक्षण संयन्त्रहरु प्रभावकारी हुन सक्छन् । |
| ७ | राष्ट्रिय बालअधिकार परिषद् | राष्ट्रिय बालअधिकार परिषद् बालअधिकार प्रवर्द्धन र बालसंरक्षणमा कार्यगर्ने संघीय निकाय हो । विशेष गरी बाल हेल्पलाइन सेवाको बिस्तार तथा बालबालिका खोजतलास सेवाको सञ्चालन र अस्थायी सरक्षण तथा पुनर्स्थापना केन्द्रको अनुमती दिएर यस निकायले बालश्रम न्युनिकरणका क्षेत्रमा सहयोग गर्न सक्छ । यसका साथै स्थानीय तथा प्रदेश तहलाई बाल अधिकार र बाल संरक्षणका क्षेत्रमा नीतिगत परामर्श पनि यस निकायको भुमिका हो । |

| | | |
|---|---|---|
| ८ | उद्योग बाणिज्य महासंघ (सबै संघ) | नीजि क्षेत्रका विभिन्न उद्योग तथा ब्यबशायहरु रोजगार सृजना तथा आर्थिक समृद्दीका महत्वपुर्ण आधारहरु हुन् । बालश्रम न्युनिकरणमा निजी क्षेत्र तथा उद्यमी ब्यबशायीहरुले उपयुक्त श्रम अभ्यासको पालना गर्ने, सामाजिक सुरक्षामा श्रमिकहरुको आवद्दता गर्ने, श्रमिकहरुका बालबालिकाको संरक्षण तथा विकासमा लगानी गर्ने र आफ्नो उद्योग ब्यबशाय तथा आपुर्ती चक्रमा बालश्रमको प्रयोग निषेध गर्ने नीति अवलम्बन गरी बालश्रम न्युनिकरणमा सहयोग गर्न सक्छन् । |
| ९ | श्रमिक सँगठन तथा ट्रेड युनियन | बालश्रम न्युनिकरण श्रमिक सँगठनहरुको महत्वपुर्ण सरोकार हो । बालश्रमका कारण श्रमिकहरुको रोजगारीका अवसर संकुचन हुने, आम्दानी घट्ने हुनुका साथै उपयुक्त श्रम मापदण्ड पालना नभएका कारण श्रमिकका बालबालिका बालश्रममा जाने जोखिम पनि रहन्छ। श्रमिक सँगठनहरुले आफ्ना सदस्यहरु मार्फत आफ्ना श्रम क्षेत्रमा बालश्रम रहे नरहेको अनुगमन तथा उजुरी गर्ने र आफ्ना सदस्यहरुलाई बालबालिकालाई श्रममा नपठाउन सचेतना तथा परिचालन गर्न सक्छन् । |
| १० | गैरसरकारी संस्था | विकास साझेदार तथा गैरसरकारी संस्थाहरु सामजिक विकास र आर्थिक समृद्दीका महत्वपुर्ण साझेदारहरु हुन् । गैरसरकारी संस्थाहरुले प्रदेश सरकार तथा स्थानीय तहसँगको समन्वयमा बालश्रम अनुगमन प्रणाली स्थापना गर्न, सबलीकरण र परिचालन गर्न, जोखिममा रहेका बालबालिकालाइ सहायता प्रदान गर्न तथा सेचतना अभिवृद्दीमा महत्वपुर्ण सहयोग गर्न सक्छन् । |

| | | |
|---|---|---|
| ११ | आम सञ्चार माध्यम | आम सञ्चार माध्यमहरु सामाजिक सचेतनाका महत्वपुर्ण सन्देशवाहक हुन् । बालश्रमका बारेमा सत्य तथ्य सुचना, कानुनी जानकारीहरु तथा सफलताका उदहारण र सिकाइहरुका बारेमा समाचारहरु निर्माण गर्ने, प्रकाशन र प्रसारण गरेर आम सञ्चार माध्यमले बालश्रम न्युनिकरणमा महत्वपुर्ण सहयोग गर्न सक्छन् । |
| १२ | शिक्षक सँगठनहरु | शिक्षकहरु समुदायका सचेतनाका संवाहक हुन्, साथै सामुदायिक अनुगमनकर्ता र सुचना प्रदायक पनि हुन् । तसर्थ बालश्रमको जोखिमता, अवस्था र बालश्रमिकहरुका बारेमा सामुदायिकत सचेतना, ब्यबहार परिवर्तन, जानकारी प्रदान गर्न शिक्षकहरुले महत्वपुर्ण भुमिका निर्वाह गर्न सक्छन् । यसका लागि विभिन्न शिक्षक सँगठनहरुले आफ्ना सदस्यहरुलाई परिचालन गर्न सक्छन् । |

## ५. सम्भाव्य जोखिम र जोखिम सम्बोधनको योजना

बालश्रम निवारण गुरुयोजनाको कार्यान्वयनका सन्दर्भमा केही मुख्य जोखिमहरु पहिचान भएका छन् । ति जोखिमहरु मुलतः आर्थिक, प्रशासनिक, राजनीतिक, पर्यावरणीय रहेका छन् । केही मुख्य जोखिमहरु र ति जोखिमहरुको सम्बोधनको योजना तल दिइएका छ :

| जोखिम र जोखिम सम्बोधनका उपायहरु | | | |
|---|---|---|---|
| जोखिम | सम्भावना | प्रभाव | सम्बोधनका उपाय |
| पर्याप्त बजेट लगानीको अभाव | मध्यम | उच्च | विभिन्न गैसस तथा निजी क्षेत्रहरुसँगको साझेदारी गर्ने । |

| | | | |
|---|---|---|---|
| कर्मचारीहरुको सरुवा | उच्च | मध्यम | दस्तावेज, कार्ययोजना तथा कार्यक्रम कार्यान्वयनको अभिलेखिकरण दुरुस्त राख्ने र हस्तान्तरण गर्ने । |
| स्थानीय तहहरुसँगको नियमित समन्वयको समस्या | मध्यम | उच्च | प्रदेश विकास परिषद्, प्रदेश समन्वय परिषद्, गाउँपालिका तथा नगरपालिका महाँसंघ र जिल्ला समन्वय समितिहरु मार्फत नियमित समन्वय गर्ने । |
| यातायातको जटिलता | उच्च | उच्च | स्थानीय तहका श्रोत ब्यक्तिहरु र स्थानीय तहका संयन्त्रहरुको परिचालन । |
| विपद तथा आर्थिक संकटहरु | मध्यम | मध्यम | विपद ब्यबस्थापन प्रणालीमा बाल श्रम तथा बालसंरक्षण विषयलाई मुलप्रवाहिकरण गर्ने |
| रोजगारदाताहरुको अनिच्छा | न्युन | उच्च | रोजगारदाताहरुको सँगठनहरुमार्फत प्रभावित पार्ने, गैसस तथा सञ्चार माध्यमहरुबाट दबाब सृजना गर्ने |

## खण्ड घ : श्रोत परिचालन, अनुगमन, समिक्षा र मुल्यांकन

१. श्रोत परिचालन

यस रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक लगानी निम्न लिखित विभिन्न श्रोतहरुबाट परिचालन गरिनेछ :

क) बागमती प्रदेश सरकारबाट श्रम रोजगार तथा यातायात मन्त्रालयमार्फत विनियोजीत बार्षिक बजेट ।

ख) बागमती प्रदेश सरकारबाट सामाजिक विकास मन्त्रालयमार्फत विनियोजीत बार्षिक बजेट ।

ग) स्थानीय तहको बार्षिक बजेट ।

घ) संघीय तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्रदान हुन सक्ने विशेष अनुदान

ङ) नियमित सामाजिक सुरक्षा तथा सहायता कार्यक्रमहरु

च) नीजि उद्यमी तथा व्यवशायिक क्षेत्र

छ) विकास साझेदार तथा गैरसरकारी संस्था

२. अनुगमन सम्बन्धी ब्यबस्था

यस रणनीतिक योजना कार्यान्वयन अवस्थाको अनुगमनका लागि श्रम, रोजगार तथा यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा अनुगमन संयन्त्र निर्माण गरिनेछ । उक्त अनुगमन संयन्त्रले निम्नलिखित अनुगमन तथा समिक्षा एवं मुल्यांकन गर्नेछ :

क) नियमित अनुगमन

- स्थानीय तहमा रहेका रोजगार संयोजकहरुमार्फत नियमित रुपमा बार्षिक प्रतिवेदन माग गर्ने ।
- श्रम रोजगार तथा यातायात मन्त्रालयबाट विभीन्न समयमा स्थानीय अनुगमन तथा कार्यक्रमहरुको अनुगमन गर्ने ।
- विकास साझेदार, ट्रेड युनियन, रोजगारादाताका संगठनहरु, स्थानीय तहहरु, अन्य मन्त्रालय तथा संघीय निकायहरुबाट प्राप्त पृठपोषण तथा सुझावहरुको अभिलेखिकरण र कार्यान्वयन गर्ने ।

ख) आवधिक समिक्षा र मुल्यांकन

- बार्षिक रुपमा श्रम रोजगारतथा यातायात मन्त्रालयबाट यस कार्ययोजनाको प्रगती समिक्षा गरी प्रतिवेदन तयार गर्ने ।
- कार्ययोजना लागु भएको तेस्रो बर्ष र अन्तिम बर्ष प्रदेश नीति तथा योजना आयोगबाट समिक्षा र मुल्यांकन गर्ने ।